# सूचना अद्यावधिक तथा प्रकाशन गरिएको सम्बन्धी नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको सूचना

**(२०७७ श्रावण १ देखि २०७७ आश्विन ३० गते सम्म)**

**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम यस बैंकसँग सम्बन्धित देहायका सूचना सूचिकृत गरी प्रकाशन गरिएको छ ।**

**क. निकायको स्वरुप र प्रकृति :**
कम्पनी ऐन २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम संचालित "पूर्वाधार विकास बैंक" वर्गको बैंक ।

**ख. निकायको काम कर्तव्य र अधिकार :**
बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ तथा नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारि गरेको निर्देशन-२०७५ बमोजिम का काम कर्तव्य र अधिकार रहेको छ ।

**ग. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
हाल कार्यरत कर्मचारी संख्या ३० रहेको छ र बैंकले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भईरहेको छ । व्यवस्थापन समुहको नाम र पद http://www.nifrabank.com मा हेर्न सकिन्छ ।

**घ. निकायबाट प्रदान गरिने सेवा :**
नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारि गरेको निर्देशन-२०७५ अनुसार बैंकले प्रदान गर्न सक्ने सम्पूर्ण सेवाहरु ।

**ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
यस बैंकले हालसम्म केन्द्रिय कार्यलय मार्फत मात्र कारोबार गर्ने/गराउने गरेको तथा बैंकको शाखा कार्यलयहरु नभएको । बैंकको केन्द्रिय कार्यालयको ठेगााना र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाइट http://www.nifrabank.com मा उपलब्ध छ ।

**च. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकमा सम्पर्क गरी वा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको वेवसाइट http://www.nifrabank.com बाट जुनसुकै बेला पनि प्राप्त गर्न सकिनेछ ।

**छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकको कारोवारको सम्बन्धमा विभिन्न प्रकारका निर्णय विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने व्यवस्था/प्रकृया मिलाइएको छ ।

**ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
ग्राहकहरुको गुनासो तथा उजुरी सुन्नका लागि हाल केन्द्रीय स्तरमा कानुन विभागका प्रमुखलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको नाम तथा ठेगाना यस प्रकार रहेको छ ।

**श्री इश्वर बन्धु गौतम**
**वरिष्ठ अधिकृत (प्रमुख - कानुन विभाग)**
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड, बानेश्वर-१०, काठमाण्डौं, फोन नं ९७७-१-४७८४००२/४७८०२०३
इमेल : iswor.gautam@nifrabank.com

**झ. सम्पादन गरेको कामको विवरण :**
नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारि गरेको निर्देशन-२०७५ बमोजिम पूर्वाधार विकास बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भैरहेका छन् ।

**ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद :**

**सूचना अधिकारी :**
**श्री सुवर्ण कुमार सिंह**
**(प्रवन्धक)**
इमेल : information.officer@nifrabank.com
ठेगाना : नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.
बानेश्वर-१०, काठमाण्डौं
फोन नं : ९७७ -१-४७८४००२/४७८०२०३

**प्रमुखको नाम र पद :**
**श्री अनिल ज्ञवाली**
**(प्रमुख कार्यकारी अधिकृत)**
ठेगाना : नेपाल इन्फ्रास्ट्रक्चर बैंक लि.
बानेश्वर-१०, काठमाण्डौं
फोन नं : ९७७-१-४७८४००२/४७८०२०३

**ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि :**

प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने त्यस मध्ये देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन् :

१. बैंक तथा वित्तीय संस्था सम्बधी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. करार ऐन, २०५६
१०. विनिमय अधिकारपत्र ऐन, २०३४
११. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
१२. नेपाल राष्ट्र बैंकले पूर्वाधार विकास बैंकहरुको लागि जारी गरेको निर्देशन-२०७५, आदि उपर्युक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु, नेपाल राष्ट्र बैंकका सम्पूर्ण निर्देशिका, परिपत्रहरु ।

**ठ. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको छ । साथै त्यस्तो विवरण बैंकको वेवसाइट http://www.nifrabank.com मा समेत उपलब्ध छ ।

**ड. तोकिए बमोजिम अन्य विवरण**
बैंकले नियम अनुसार तोकिए बमोजिमका विवरणहरु समेत राष्ट्रिय स्तरको दैनिक पत्रिकाका साथै बैंकको वेबसाइटमा प्रकाशित गर्ने गरिएको छ ।

**साथै सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय अनुसार रहेको छ**

**क. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण :**
यस बैंकले आ.व. २०७५/७६ मा सञ्चालन अनुमति प्राप्त गरी मिति २०७५/११/२२ गते देखि विधिवत रुपमा उद्घाटन भई व्यवसायिक कारोवार सञ्चालन गरेको ।

**ख. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरणः http://www.nifrabank.com**

**ग. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
छैन ।

**घ. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन :**
यस बैंकले आ.व. २०७७/७८ को पहिलो त्रैमासमा गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन निम्नानुसार रहेको छ :

१. अन्तर्राष्ट्रिय वित्त वजारबाट अफसोर बण्ड जारी गरी USD 50 Million भित्र्याउनको लागि नेपाल राष्ट्र बैंक समक्ष अन्तिम स्वीकृती प्राप्त गर्न निवेदन पेश गरेको छ ।
२. रु. २० अर्बको Debt Fund स्थापना र संचालन गर्ने सम्बन्धी अध्ययन सम्पन्न गरी नियामक निकायहरुबाट स्वीकृत हुन छलफलको चरणमा रहेको छ ।
३. बैंकको लागि आगामी ५ वर्षको व्यवसायिक कार्य योजना तय गर्ने कार्य अगाडि बढाईएको छ ।
४. संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा बाल मन्दिर नक्साल र कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषलाई आर्थिक सहायता क्रमशः रु. १,५०,०००/- (अक्षरेपी एक लाख पचास हजार मात्र) र रु. २५,००,०००/- (अक्षरेपी पच्चीस लाख मात्र) प्रदान गरेको छ ।
५. आर्थिक वर्ष २०७६/७७ को लेखापरिक्षण सम्पन्न गरि बैंकको दोस्रो वार्षिक साधारण सभा सम्पन्न गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०७७/०६/२९ मा स्वीकृति प्राप्त भएको छ ।
६. यस बैंकले नेपाल राष्ट्र बैंकद्वारा पूर्वाधार विकास बैंकहरुको लागि जारि गरेको निर्देशन-२०७५ र परिपत्रहरु बमोजिम पूर्वाधार विकास बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन गर्दै आएको छ ।

**ङ. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
सूचना वर्गीकरण गरिएको अवस्था नभएको, सूचना अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको छ ।

**च. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :**
हाल सम्म सार्वजनिक निकायमा सूचना माग नपरेको र नदिइएको ।

**छ. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण :**
यस बैंकको वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेवसाइटमा समेत प्रकाशन गरिएको छ । साथै, बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरका दैनिक पत्रपत्रिकामा प्रकाशित गरी बैंकको वेवसाइटमा समेत प्रकाशित गर्दै आएको छ ।

NIFRA
Nepal Infrastructure Bank Ltd.
समृद्ध नेपालको लागि
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त पूर्वाधार विकास बैंक)

कृष्ण टावर, बानेश्वर, काठमाडौं, नेपाल
फोन: ०१-४७८०२०३/८९८, ४७८४००२/११९
www.nifrabank.com, Email: info@nifrabank.com



size: 3x32